# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं

## कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवाका लागि आवेदन फाराम भर्ने सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७९/०६/१४)

लोकसेवा आयोगको मिति २०७९।०६।०७ गतेको सहमति र पदपूर्ति समितिको मिति २०७९।०६।१२ गतेको निर्णयानुसार कम्पनीको रिक्त पदहरुमा कार्यक्षमता मूल्याङ्कनद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले दरखास्त दिने अन्तिम मितिसम्म आवेदन दिने पदभन्दा एक तह मुनिको आफू बहाल रहेको सम्बन्धित सेवा समूह/उपसमूह अन्तर्गतका पदमा साविक नेपाल खाद्य संस्थान कार्यालय सञ्चालन तथा कर्मचारी सेवा, शर्त र सुविधासम्बन्धी विनियमावली, २०६४ (संशोधन सहित) मा बढुवाका लागि तोकिए बमोजिमको सेवा अवधि र न्यूनतम् शैक्षिक योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वेभसाइट www.fmtc.org.npमा गई Online application मार्फत प्राप्त हुने गरी रितपूर्वक दरखास्त फाराम बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिए बमोजिमको रित नपुगी प्राप्त हुने दरखास्त माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | सेवा | समूह/उपसमूह | पद सङ्ख्यां |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७९-०८० | नायव कार्यकारी अधिकृत, | ११ | प्रशासन | सामान्य प्रशासन | २ |
| २ | ०२/०७९-०८० | विभागीय प्रवन्धक | १० | प्रशासन | सामान्य प्रशासन | ४ |
| ३ | ०३/०७९-०८० | सह विभागीय प्रबन्धक | ९ | प्रशासन | सामान्य प्रशासन | ४ |
| ४ | ०४/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्राविधिक | गुण नियन्त्रण | १ |
| ५ | ०५/०७९-०८० | सहायक विभागीय प्रबन्धक | ८ | प्रशासन | सामान्य प्रशासन | ११ |
| ६ | ०६/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | गुणस्तर नियन्त्रण | १ |
| ७ | ०७/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्रशासन | सामान्य प्रशासन | १४ |
| ८ | ०८/०७९-०८० | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | मिल मेकानिक्स | १ |
| ९ | ०९/०७९-०८० | अधिकृत | ६ | प्रशासन | सामान्य प्रशासन | १२ |
| १० | १०/०७९-०८० | अधिकृत | ६ | प्राविधिक | सिभिल इन्जिनियरिङ्ग | १ |
| ११ | ११/०७९-०८० | अधिकृत | ६ | प्राविधिक | गुणस्तर नियन्त्रण | १ |
| १२ | १२/०७९-०८० | वरिष्ठ सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | २१ |

**द्रष्टव्यः-**

१. कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि कार्यक्षमता मूल्याङ्कनको गणना आ.व. २०७८/०७९ को असार मसान्तसम्मको हिसाबले गरिनेछ।

२. **परीक्षा दस्तुरः-** तह-११ का लागि रु. २५००/-, तह-१० का लागि रु. २०००/-, तह-९ का लागि रु. १६००/-, तह-८ का लागि रु. १४००/-, तह- ७ का लागि रु. १२००/-, तह-६ का लागि रु. १०००/- र तह-५ का लागि रु. ८००/- लाग्नेछ।दरखास्त फाराम भरिसकेपछि Payment tap मा गई तोकिएको Payment Mode मध्ये कुनै एक माध्यमबाट उल्लिखित दस्तुर भुक्तानी गर्न सकिनेछ।

३. सूचना प्रकाशित भएको मितिले ३५ औं दिन सार्वजनिक विदा पर्न गएमा पनि दरखास्त पेश गर्ने समयावधि थप हुनेछैन।

४. उम्मेदवारले पेश गर्नुपर्ने सम्पूर्ण कागजातहरु स्पष्ट द्विविधारहित र छानविन गर्न सकिने हुनुपर्नेछ।

५. दरखास्त फाराममा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु र विवरण भरी पेश नगर्ने उम्मेदवारहरुको प्राप्त कागजातका आधारमा मूल्याङ्कन गरिनेछ।

६. सूचनामा उल्लिखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाएका वा रितपूर्वक पेस नभएका दरखास्त फारामहरू स्वीकृत गरिने छैन ।

७. यो सूचनामा नभएको विषयको हकमा कम्पनीको विनियमावली बमोजिम हुनेछ।

८. रित नपुगी स्वीकृत भएको दरखास्त पदपूर्ति समितिले जुनसुकै बेला रद्द गर्न सक्नेछ।

**पदपूर्ति समिति**